बडीमालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. २०८२/८३-००-०१२२६

मितिः २०८२-११-१३
ने.सं.: ११४६ चिल्लाथ्व, ९ बुधवार

श्री सम्पुर्ण वडा कार्यालय (१ देखि ९)
बडीमालिका नगरपालिका

**बिषयः रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुले रोजगार सेवा केन्द्रमा सूचीकृत हुन आवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१), रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ को उपनियम (१) र राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम बेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारीका लागि आवेदन दिई रोजगार सेवा केन्द्रमा सूचीकृत हुने व्यवस्था भएअनुसार यस बडीमालिका नगरपालिकामा आगामी आ.व. २०८३/८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन तथा सीप विकास कार्यक्रममा संलग्न हुन ईच्छुक १८ देखि ५९ बर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले यही फागुन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई रीतपूर्वक फाराम भर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । आवेदन फाराम नगरपालिकाको वेबसाइट www.badimalikamun.gov.np रोजगार सेवा केन्द्र र सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु :**

१.आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२.अपाङ्गता भएका व्यक्ति भए निजको अपाङ्गता परिचयपत्रको प्रतिलिपि।

वोधार्थः
श्री सूचना प्रविधि शाखाः सूचना website मा अपलोड गरिदिन हुन।
रोजगार सेवा केन्द्र

रंगमल विक
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Email Address: info@badimalikamun.gov.np, badimalikamunicipality@gmail.com Phone No: 097541285
Website: badimalikamun.gov.np